# वैतेश्वर राजपत्र

**वैतेश्वर गाउँपालिकाद्धारा प्रकाशित**

**खण्ड ५) पाडुडाँडा, दोलखा, बागमती प्रदेश, नेपाल पुष २८ गते २०७९ (संख्या ४**


## भाग २

## सामुदायिक विद्यालयमा अनुदान कोटामा शिक्षक व्यवस्थापन सम्बन्धि कार्यविधि-२०७९

**(गाउँ कार्यपालिकाबाट पारित)**

(गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०७९-०९-२७)

**प्रस्तावना :** सबै वर्ग र समुदायका व्यक्तिहरुको सुविधालाई ध्यानमा राखी शिक्षालाई सर्वशुलभ, व्यवस्थित, मर्यादित एवं स्थानीय स्तरमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले यस गाउँपालिका भित्रका मा.वि. र आधारभूत (नि.मा.वि.र प्रा.वि.) तह संचालित शुन्य र न्यून एक (१) दरबन्दी भएका विद्यालयहरुको पठन पाठनमा सहयोग पुर्‍याउन आश्यक देखिएकोले शिक्षण सिकाई अनुदान कोटा सृजना , पदपूर्ति र परिचालन तथा व्यवस्थापन  गर्नका लागि स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद १५ को दफा(१०२) ले दिएको अधिकार प्रयोग गरी वैतेश्वर गाउँ कार्यपालिकाको मिति २०७९।०९।२७ मा बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :**

क. यो कार्यविधिको नाम **सामुदायिक विद्यालयमा अनुदान कोटामा शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि - २०७९** रहने छ। यो कार्यविधि वैतेश्वर गाउँकार्यपालिकाले पारित गरेको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क. “कार्यविधि” भन्नाले **सामुदायिक विद्यालयमा अनुदान कोटामा शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि - २०७९** सम्झनुपर्छ।

ख. “मा. वि.” भन्नाले ९-१०/९-१२ संचालन भएको विद्यालयहरु सम्झनुपर्छ।

ग. “आधारभूत (नि.मा.वि.)” भन्नाले ६-८ सम्म संचालन भएको विद्यालयहरु सम्झनुपर्छ।

घ. “आधारभूत ( प्रा.वि.)” भन्नाले १-५ सम्म संचालन भएको विद्यालयहरु सम्झनुपर्छ।

ङ. “व्यस्थापन समिति” भन्नाले विद्यालयको विकासको लागि नियमानुसार गठन भएको वि.व्य.स.लाई सम्झनुपर्छ।

च. “शि.अ.संघ” भन्नाले विद्यालयको शैक्षिक गुणस्तर विकासको लागि नियमानुसार गठन भएको शिक्षक अभिभावक संघलाई सम्झनुपर्छ।

छ. “शिक्षक छनौट समिति ” भन्नाले यस कार्य विधिको दफा ८ (ग) बमोजिमको शिक्षक छनौट समितिलाई सम्झनुपर्दछ।

ज. “प्र.अ.” भन्नाले विद्यालयको शैक्षिक एवं प्रशासनिक प्रमुखलाई सम्झनुपर्छ।

झ. “शिक्षक” भन्नाले विद्यालयमा प्रा.वि.तह देखि मा.वि. तह सम्म अध्यापन गर्ने व्यक्तिलाई सम्झनुपर्छ र सो शब्दले प्र.अ. समेतलाई जनाउँछ।

ञ. “गा. पा.” भन्नाले वैतेश्वर गाउँपालिकालाई सम्झनुपर्छ।

ट. “कर्मचारी” भन्नाले विद्यालयलाई सशर्त अनुदानबाट प्राप्त दरबन्दी र अनुदान तथा विद्यालयले आफ्नो आवश्यकता अनुसार दरबन्दी सिर्जना गरी कार्यरत लेखापाल, कार्यालय सहायक,कार्यालय सहयोगी, लाइब्रेरियन, चौकीदार र स्वीपर (शौचालय सफाइकर्मी) लाई सम्झनुपर्छ।

ठ. “अभिभावक” भन्नाले विद्यालयमा आफ्ना विद्यार्थी भर्ना गराइ नियमित रुपमा अध्ययन गर्ने कार्यमा सहभागी गराएका तथा शिक्षा नियमावलीनुसार पालनपोषण गर्ने व्यक्तिलाई सम्झनुपर्छ।

ड. “आयोग” भन्नाले शिक्षक सेवा आयोग सम्भनु पर्दछ।

ढ. "गाउँ शिक्षा अधिकारी" भन्नाले गा.पा.को शिक्षा, यूवा तथा खेलकुद शाखाको प्रमुखलाई जनाउँदछ ।

ण. "विषयविज्ञ" भन्नाले आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा ९- १२) सम्म शिक्षक छनौट परीक्षा सञ्चालनको लागि गा.पा.शिक्षा शाखाबाट सूचिकृत भएका आधारभुत (प्राथमिक/निम्नमाध्यमिक) तह , माध्यमिक तहका शिक्षकहरु र स्रोत व्यक्तिलाई समेत सम्झनुपर्छ ।

त. "सम्बन्धित निकाय" भन्नाले गाउँपालिका, शिक्षा विकास तथा समन्वय इकाई, प्रदेश/शिक्षा निर्देशनालय लाई प्रसंग अनुसार सम्झनुपर्छ ।

थ. अन्य शब्द, नामावली र पदको अर्थ प्रचलित ऐन, कानुन र नियमानुसार रहेको सम्झनुपर्छ।

**३. उद्देश्य :** वैतेश्वर गाउँपालिका भित्रका मा.वि.र आधारभूत (नि.मा.वि.र प्रा.वि) तह संचालित शुन्य र न्यून एक (१) दरबन्दी भएका विद्यालयहरुको पठन पाठनलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि सहयोग पुर्‍याउन आवश्यक देखिएकोले दरबन्दी सृजना, दक्ष, योग्य शिक्षक छनौट गर्न, सेवा, सर्त, सुविधा, काम कर्तव्य, अधिकार, पुरस्कार र सजाय तथा व्यवस्थापन सम्बन्धी प्रावधानहरु स्पष्ट गर्ने उद्देश्यले **सामुदायिक विद्यालयमा अनुदान कोटामा शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि - २०७९** निर्माण गरिएको छ ।

## परिच्छेद-२

## शिक्षक अनुदान, दरबन्दी र शैक्षिक योग्यता

**४. शिक्षक अनुदान :** वैतेश्वर गाउँपालिकाले निजी स्रोत शिक्षकहरुको पारिश्रमिक अनुदानको लागि छुटयाइएको रकम निम्नानुसार वितरण गरिनेछ ।

**क)** मा.वि. तह संचालित विद्यालयहरु मध्ये शुन्य दरबन्दी एवं शिक्षक अनुदान नपाएका विद्यालयलाई कम्तिमा १ जना र बढिमा ३ (तिन) जना शिक्षकका लागि अनुदान ।

**ख)** मा.वि.तह संचालित विद्यालयहरु मध्ये १(एक) दरबन्दी वा शिक्षक अनुदान पाएका विद्यालयलाई १ (एक) जना शिक्षकका लागि अनुदान ।

**ग)** आधारभूत तह (नि.मा.वि.) कक्षा ६-८ संचालित विद्यालयहरु मध्ये शुन्य दरबन्दी एवं शिक्षक अनुदान नपाएका विद्यालयलाई कम्तिमा १ र बढिमा २ (दुई) जना शिक्षकका लागि अनुदान।

**घ)** आधारभूत तह (नि.मा.वि.) कक्षा ६-८ संचालित विद्यालयहरु मध्ये १(एक) दरबन्दी वा शिक्षक अनुदान पाएका विद्यालयलाई १ (एक) जना शिक्षकका लागि अनुदान ।

**ङ)** आधारभूत तह (नि.मा.वि.) कक्षा ६-८ संचालित विद्यालयहरुमा प्रा.वि. तहको कम्तिमा ३ वा सो भन्दा बढी शिक्षक दरबन्दी भएको र नि.मा.वि. दरवन्दी नभएको विद्यालयलाई १ (एक) जना शिक्षकका लागि अनुदान ।

**च)** आधारभुत (प्राथमिक तह) तह १-५ सञ्चालित विद्यालयमा ३ जना भन्दा कम शिक्षक भएको र १-३ संचालितमा १ मात्र दरबन्दी भएकोमा १ जना शिक्षकका लागि अनुदान ।

**छ)** विद्यालयहरुको छनौट गर्दा तह अनुसार कम्तीमा ५० जना र पुरै तह संचालन नभएको विद्यालयको हकमा एउटा कक्षामा २० जना विद्यार्थी भएको हुनु पर्छ र त्यस्तो विद्यालयलाई सम्बन्धित तहको १ (एक) जना शिक्षकका लागि अनुदान ।

**ज)** कुनै विद्यालयको विशेष आवश्यकतालाई सम्बोधन गर्नुपर्ने भएमा गाउँ शिक्षा समितिले निर्णय गरी अनुदान दिन सक्नेछ ।

**झ)** निजीस्रोत शिक्षक अनुदान /शिक्षण सिकाई सहयोग अनुदानको लागि गाउँपालिकाले छुटयाएको रकमलाई **तह , अनुदान कोटा संख्या , विद्यालयहरुको छनोट र रकम** समेतको निर्धारण गाउँ शिक्षा समितिको बैठकबाट गरिनेछ ।

**५. दरबन्दी :** वैतेश्वर गाउँपालिकाबाट प्राप्त हुने शिक्षक अनुदान प्राप्त हुन्जेल सम्मको लागि विद्यालयहरुमा शिक्षण सिकाई अनुदानको दरबन्दी रहने ।

**६. शैक्षिक योग्यता :**

**क.**दरखास्त दिने उम्मेदवारको शैक्षिक योग्यता सम्बन्धीत तहका लागि शिक्षा नियमावली २०५९ र शिक्षक सेवा आयोग नियमावली २०५७ संशोधन सहितमा तोकिए बमोजिम हुनेछ ।

**७. उम्मेदवारको अयोग्यता :** देहायका व्यक्तिहरु शिक्षकको पदमा उम्मेदवार हुनको लागि योग्य हुन सक्नेछैनन्

क. गैरनेपाली नागरिक,

ख. १८ वर्ष उमेर नपुगेको र ४० वर्ष उमेर नाघेको,

ग. मगज बिग्रेको,

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

ङ भविष्यमा सरकारी नोकरीको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

च. सम्बन्धित तहको लागि योग्यता नपुगेको व्यक्ति,

छ. अध्यापन अनुमति पत्र र तालिम प्राप्त नगरेको व्यक्ति

तर नि.मा. र मा.वि.तहमा अंग्रेजी, गणित र विज्ञान विषयको हकमा अध्यापन अनुमति पत्र र तालिम प्राप्त गरेको व्यक्ति दरखास्त नदिएको खण्डमा अध्यापन अनुमति पत्र र तालिम

प्राप्त नगरेको तर शैक्षिक योग्यता पुगेको व्यक्ति पनि दोस्रो पटकको विज्ञापनमा उम्मेदवार हुन योग्य मानिने छन् ।

## परिच्छेद-३

## शिक्षकहरुको पदपूर्ति, नियुक्ति र काम कर्तव्य

**८. पदपूर्ति :** गाउँपालिकाबाट शिक्षण सिकाई सहयोग अनुदानको रकम अनुदान कोटा र विद्यालयको छनौट भए पछि गा.पा.को शिक्षक छनौट समितिले **अंग्रेजी, विज्ञान र गणित** मध्ये विद्यालयको आवश्यकतानुसारको विषयको शिक्षक पद खुल्ला प्रतियोगिताबाट निम्नानुसारको प्रक्रिया पुऱ्याइ छनौट गर्नु पर्नेछ ।

**क.** विद्यालयलाई आवश्यक पर्ने शिक्षकहरुको लागि पद संख्या, आवश्यक योग्यता, उमेर,परीक्षा हुने मिति, किसिम, स्थान सहितको विवरण खुलाई कम्तीमा १५ (पन्द्र) दिनको म्याद राखी शिक्षक छनौट समितिले विज्ञापन प्रकाशन गर्नेछ । उक्त विज्ञापन गा.पा.को सूचनापाटी तथा website , शिक्षा विकास तथा समन्वय इकाई र स्थानीय पत्रिकामा समेत प्रकाशित गर्नु पर्नेछ । तर विद्यालयगत अनुदान कोटालाई एकत्रित गरी सबै अनुदान कोटाको एकैचोटी पदपूर्ति हुने गरी तहगत रुपमा गा.पा.बाट विज्ञापनको सूचना निकाल्न यस दफाले बाधा पार्ने छैन् ।

**ख.** नियम ८ (क) बमोजिम प्रकाशित विज्ञापन अनुसारको दरखास्त उपर छानविन गरी योग्यता पुगेका व्यक्तिलाई मात्र परीक्षामा सामेल गराई सफल उम्मेदवारको छनौट गरिनेछ ।

**ग**. विद्यालयमा गाउँपालिकाको अनुदानबाट शिक्षकको पदपूर्ति गर्नका लागि देहाय बमोजिमको शिक्षक छनौट समिति रहनेछ :

१. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा नजिले तोकेको सो समितिको सदस्य - अध्यक्ष

२. शिक्षा शाखाको प्रमुख - सदस्य

३. माध्यमिक तहको शिक्षक छनौट गर्नुपर्ने भएमा शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर र अन्य तहको शिक्षक छनौट गर्नुपर्ने भए शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातक तह उतीण गरेका व्यक्तिहरुमध्येबाट उपलब्ध भएसम्म १ (एक) जना महिला समेतको प्रतिनिधित्व हुने गरी व्यवस्थापन समितिको मनोनित गरेको २ (दुई)जना- सदस्य

४. प्रधानाध्यापक - सदस्य सचिव

**घ**. नियम ८(ग) बमोजिम गठित शिक्षक छनौट समितिमा मनोनीत सदस्यको पदावधि शिक्षक छनौट प्रक्रिया पुरा गरी विद्यालय समक्ष शिक्षक नियुक्तिको सिफारिस गरे सम्म हुनेछ ।

**ङ.** नियम ८ को ग (३) को प्रयोजनका लागि शिक्षा शाखाले विषय विशेषज्ञको सुचि अद्यावधिक गरि राख्नु पर्नेछ।

**च.** गाउँपालिकाको शिक्षा शाखाले प्रत्येक २ वर्षको चैत्र मसान्त भित्र विषय विज्ञको सुची अद्यावधिक गर्नेछ। तर पहिलो पटकको लागि भने आवश्यक परेको समयमा विज्ञहरुको सुची अद्यावधिक गर्न सकिनेछ। यो निर्देशिका कार्यान्वयन हुनुपूर्व र यस निर्देशिका बमोजिम विज्ञहरुको सुची अद्यावधिक नहुदै शिक्षक पदपुर्ती गर्नुपरेमा साविक जिल्ला शिक्षा कार्यालयबाट अद्यावधिक भएका विज्ञका सुचीलाई प्रयोग गर्न सकिनेछ।

**छ.** विषय विज्ञमा सुचिकृत हुनका लागि इच्छुक प्रत्येक शिक्षक तथा श्रोतव्यक्तिले आफ्ना शैक्षिक योग्यताका प्रतिलिपि, तालिम तथा अध्यापन पत्रको प्रतिलिपि, स्थायी नियुक्तीको प्रतिलिपि पेश गर्नु पर्नेछ साथै आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसार सम्बन्धीत तह र विषयको १/१ थान उत्तर कुञ्जिका सहितको प्रश्न पत्र समेत गा.पा.को शिक्षा शाखामा बुझाउनु पर्नेछ।

**ज.**विषय विज्ञद्धारा निर्मित प्रश्नपत्रहरुलाई गाउँ शिक्षा अधिकारीले आवश्यकता अनुसार सम्बन्धीत विषयको विज्ञ समेत समावेश गरी, मोडरेशन गरी प्रश्नपत्रलाई अन्तिम रुप दिई सिलबन्दी गरेर प्रश्नपत्र बैंकमा राख्नेछ।

**झ.** शिक्षक छनोट समितिले शिक्षक सिफारिसका लागि लिइने लिखित, प्रयोगात्मक र अन्तरवार्ता जस्ता परिक्षाको केन्द्र गाउँको सदरमुकाम/अगुवा श्रोत केन्द्रमा राख्नु पर्नेछ। तर प्राविधिकधारका लागि विषय अध्यापन गर्ने शिक्षक/प्रशिक्षक छनोट गर्दा संचालन गर्नुपर्ने प्रयोगात्मक परिक्षाको केन्द्र सम्बन्धीत विषयको ल्याब भएको विद्यालयमा राख्न सकिन्छ।

**ञ.** शिक्षक छनोट समितिको सचिवालय गा.पा. को शिक्षा शाखामा रहनेछ।

**ट.** आयोगले शिक्षक छनोट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनोट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नुपर्नेछ।

**ठ.** माध्यमिक तहको विज्ञलाई आधारभूत तहको विज्ञका रुपमा पनि प्रयोग गर्न सकिने छ।

**ड.** गाउँ कार्यपालिकाबाट स्वीकृत गरिएको यस निर्देशिकालाई सम्बन्धीत सबैले पालना गर्नुपर्नेछ।

**ढ.** शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१. शिक्षक सेवा आयोगले निर्धारण गरेको पठ्यक्रम अनुसार नै लिखित र अन्तरवार्ताको परीक्षाको प्रश्नपत्र तयार गर्ने वा विषय विज्ञहरुबाट तयार गरी प्रश्न पत्र बैंकमा राखिएको प्रश्नपत्र प्रयोग गरी परीक्षा लिने ।

२. शिक्षक छनौट गर्नको लागि लिइने परीक्षाको समय र प्रक्रिया निर्धारण गर्ने तथा परीक्षा सम्बन्धी अन्य कार्य गर्ने ।

३. लिखित परीक्षाको नतिजा सबै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरु मध्येबाट वर्णानुक्रमानुसार प्रचलित नियमानुसारको संख्यामा प्रकाशित गर्ने ।

४. उत्तीर्णाङ्क प्राप्त गर्ने उम्मेदवार आवश्यक संख्यामा नभएमा जति जनाले उत्तीर्णाङ्क प्राप्त गरे त्यतिको नाम मात्र प्रकाशन गर्ने ।

५. सफल र वैकल्पीक उम्मेदवारको नामावली योग्यताक्रमानुसार प्रकाशन गर्ने ।

६. सफल र बैकल्पिक उम्मेदवारहरुको जानकारी स्थानीय तहको शिक्षा शाखालाई गराउनु पर्नेछ ।

७. शिक्षकको सेवा सर्त र सुविधा सम्बन्धि विषयमा गा.पा./वि.व्य.स.लाई सुझाव दिने ।

८. शिक्षक छनौट समितिको बैठक सम्बन्धी र यस निर्देशिकामा उल्लेखित नभएका कुराहरुको हकमा थप कार्यविधि निर्धारण गरी कार्यान्वयन गर्ने ।

**९. परीक्षा, संचालन, अन्तरवार्ता र योग्यताक्रम सम्बन्धी व्यवस्था :**

**क**. विषयगत विज्ञापन भएता पनि विषयगत र विद्यालयगत प्रतिस्पर्धा हुने गरी तहगत रुपमा सबै विषयको उम्मेदवारको परिक्षा एकैचोटि गर्न सकिनेछ ।

**ख**. शिक्षक छनोट समितिले लिने लिखित परीक्षाको पुर्णाङ्क १००, अन्तरवार्ता २५ र आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा २५ अंकको हुनेछ । लिखित परीक्षाको उत्तीर्णाङ्क ४० हुनेछ ।

**ग**. लिखित परीक्षाका लागि आवश्यक प्रश्न पत्र गाउँ शिक्षा अधिकारीको जिम्मामा कार्यालयमा रहेको प्रश्नपत्र बैंकबाट शिक्षक छनौट समितिका संयोजकले परीक्षा संचालन हुनु भन्दा बढीमा १ घण्टा अगाडी कम्तिमा ३ (तीन) र बढीमा ४ (चार) सेट मध्येबाट एउटा सिलबन्दी खाम छनौट गर्नेछन् ।

**घ**. नियम ९ (ग) अनुसारको प्रश्नपत्र शिक्षक छनौट समितिका सदस्यको रोहबरमा गोप्य रुपमा फोटोकपी गरी परीक्षा संचालन गरिनेछ ।

**ङ**. गाउँ शिक्षा अधिकारी वा निजले तोकेको अधिकृतको रोहवरमा सम्बन्धीत परीक्षा केन्द्र वा गाउँपालिकाको हाताभित्र सम्बन्धीत विषय विज्ञ वा रोष्टरमा सुचिकृत विषय विज्ञद्धारा उत्तर पुस्तिका परीक्षण गराइनेछ ।

**च**. उत्तरपुस्तिकाहरुमा कोडिङ, डिकोडिङ गर्ने कार्य गाउँ शिक्षा अधिकारी वा निजले तोकेको अधिकृतले गर्नेछन् ।

**छ**. अन्तरवार्ताको अकं विभाजन आयोगले स्थायी शिक्षक छनौटका लागि तोके अनुसार हुनेछ।

**ज**. छनौट प्रक्रिया सम्बन्धी छनौट समितिको निर्णयहरु निर्णय पुस्तिकामा अनिवार्य रुपमा लेखिएको हुनु पर्दछ ।

**झ**. परीक्षा संचालनका सम्बन्धमा कुनै विषय विज्ञले अमर्यादित कार्य गरेमा, झुठा विवरण पेश गरेमा उम्मेदवारका बिच निष्पक्ष व्यवहार नगरेमा निजलाई विज्ञको सुचिबाट हटाउन सकिने छ ।

**ञ**. परीक्षा संचालनको खर्च व्यस्था सम्बन्धमा : समितिका पदाधिकारी वा विषय विज्ञले प्रति बैठक रु १५००।- भन्दा बढि पारिश्रामिक लिन पाउने छैन । साथै एउटा विज्ञापन नं. को शिक्षक सिफारिस गर्न ३ बैठक भन्दा बढि बस्न पाइने छैन । तर केन्द्राध्यक्षको पारिश्रमिक प्रश्न पत्र निर्माण, मोडरेशन, उत्तर पुस्तिका परिक्षण - सम्परीक्षण वापत समितिले तोकेको/प्रचलित नर्म्स अनुसारको पारिश्रमिक दिन सकिनेछ ।

**ट**. उम्मेदवारहरुले गाउँ शिक्षा समितिले तोकेको शुल्क गाउँशिक्षा समितिको कोषमा जम्मा गर्नु पर्नेछ । गाउँशिक्षा समितिले यसरी भएको आम्दानीको रकमलाई परीक्षा सञ्चालन सम्बन्धी कार्यमा लगाउने छ ।

**ठ**. परीक्षा सम्बन्धी शुल्कबाट जम्मा भएको रकमले शिक्षक छनौट परीक्षा संचालनका लागि प्रचलित नर्म्स अनुसारको रकम नपुग भएमा गा.पा.ले स्वीकृत नर्म्स अनुसार अस्थायी करार, निजी स्रोत, शिक्षक छनौट खर्चमा छुट्याएको बजेटबाट खर्च गर्न सक्नेछ ।

**ड**. शिक्षक छनौट परीक्षा संचालन र व्यवस्थापकीय कार्यका सम्बन्धमा गाउँ शिक्षा समितिले अनुगमन गरी समितिलाई आवश्यक सुझाव दिन सक्नेछन् ।

**१०. नियुक्ति :-** गाउँपालिकाको अनुदानबाट शिक्षकहरुको नियुक्ति निम्न प्रक्रिया अनुसार गरिनेछः

क. शिक्षक छनौट समितिको सिफारिसमा सफल उम्मेदवारलाई एक पटकमा एक आर्थिक वर्षको लागि करारको रुपमा विद्यालय तोकी गाउँ शिक्षा अधिकारीले नियुक्ति दिनेछ ।

ख. गाउँपालिकाले शिक्षक अनुदानलाई निरन्तरता दिएको खण्डमा अर्को आर्थिक वर्षका लागि नियुक्तिको म्याद थप गर्न सकिनेछ। तर एक पटकमा एक आर्थिक वर्ष भन्दा बढी समयका लागि म्याद थप गर्न सकिने छैन्।

ग. सफल उम्मेदवारको नतिजा प्रकाशन भई नियुक्तिको लागि सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन भित्र नियुक्ति लिई सक्नु पर्नेछ अन्यथा वैकल्पिक उम्मेदवारलाई गाउँ शिक्षा अधिकारीले नियुक्ती दिनेछ।

घ.सफल भएका शिक्षकलाई सम्बन्धित विद्यालयले हाजिर नगराएको खण्डमा त्यस्ता विद्यालयको अनुदान कोटा आवश्यकताको आधारमा अन्य विद्यालयलाई गाउँ शिक्षा समितिको निर्णयानुसार दिइनेछ।

ङ. परीक्षण अवधि महिलाको लागि ६ महिना र पुरुषको लागि १ वर्षको हुनेछ।

**११. काम कर्तव्य :**गाउँपालिकाको अनुदानबाट नियुक्त भएका शिक्षकहरुको काम कर्तव्य निम्नानुसार हुनेछ।

क. विद्यालयमा नियमिति रुपमा हाजिर भई अध्यापन गर्ने।

ख. विद्यालयले तोकेको अन्य कार्यहरु जिम्मेवारीका साथ गर्ने गराउने

ग. प्रधानाध्यापकको निर्देशन अनुसारको कामकाज गर्नु पर्ने।

घ. विद्यालयको भौतिक सम्पत्तिको संरक्षणमा सहयोग गर्ने।

ङ. विद्यालयको शैक्षिक वातावरण निर्माणमा सहयोग गर्ने।

च. विद्यालयका गोप्य कुराहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भंग गर्न पाइने छैन।

छ. आफ्नो जिम्मेवारी अनुसारको कार्य विदाको दिनमा पनि गर्नुपर्ने।

ज. यसमा उल्लेख नभएका कार्यहरु गाउँ शिक्षा ऐन २०७५ अनुसार गर्ने गराउने।

## परिच्छेद-४
## तलब भत्ता र विदा

**१२. तलब भत्ता :**

क. गाउँपालिकाको अनुदानबाट नियुक्त भएका शिक्षकले गाउँपालिकाले तोके अनुसारको तलब भत्ता **शिक्षण सिकाई सहयोग अनुदानका रुपमा** मासिक वा चौमसिक रुपमा पाउनेछन्।

ख. गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकले प्रत्येक वर्ष १ महिनाको अनुदान बराबरको रकम चाँडपर्व खर्च वापत पाउनेछन्।

**१३. विदा :**

क. शिक्षकले वर्षभरीमा पाउने बिदा शिक्षा नियमावली २०५९ बमोजिम हुनेछ ।

ख. विदामा बस्नु पर्दा विदा पूर्व स्वीकृत गराउनु पर्नेछ ।

ग. विरामी विदा जति भए पनि संचित गर्न सकिनेछ तर सो वापतको रकम पाइने छैन ।

घ. विदा सहुलियत हो अधिकार होइन ।

## परिच्छेद-५

## शिक्षकको आचारसंहिता

**१४. आचारसंहिता :** गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकले तपसिल अनुसारको आचारसंहिता पालना गर्नु पर्नेछ ।

क. नियमित रुपमा प्रत्येक दिन विद्यालयले तोकेको पोशाकमा हाजिर भई अनुशासित रुपमा तोकिएको आफ्नो जिम्मेवारी पूरा गर्ने ।

ख. विद्यार्थी र शिक्षक बिच मित्रवत रुपमा व्यवहार कायम गर्ने ।

ग. आफ्नो पेशा प्रति इमान्दारिता साथ विद्यालयको चौतर्फी विकासमा जोड दिने ।

घ. जुन सुकै परिस्थितीमा पनि विद्यालयका गोप्य हुनु पर्ने कुराहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भंग गर्न  पाइने छैन ।

ङ पद अनुसारको आचरण पालना गरेको हुनु पर्दछ ।

च. विद्यालयको हित विपरीत कार्यमा सहभागी भई कार्यालय घेराउ गर्ने,ताला बन्दी गर्ने,शारीरिक तथा मानसिक दबाव दिने उद्देश्यले कुनै किसिमको कार्य गर्न वा गराउन समेत पाइने छैन ।

छ. विद्यालय हाता भित्र धुम्रपान , सुर्तीजन्य पदार्थ सेवन गर्न पाइने छैन् ।

ज. मादक पदार्थ सेवन गरी विद्यालय भित्र प्रवेश गर्न पाइने छैन ।

झ. आर्थिक अनुशासन भित्र रहनु पर्नेछ ।

ञ. विदामा बस्दा विदा स्वीकृत गराएर मात्र बस्न पाइनेछ ।

ट. शिक्षक कर्मचारीले पालना गर्नुपर्ने यस कार्यविधिमा छुट भएका अन्य आचारसंहिताको हकमा शिक्षा नियमावली २०५९ र शिक्षा ऐन २०२८ ले निर्दिष्ट गरेको आचारसंहिताको पालना गरेको हुनु पर्नेछ ।

## परिच्छेद-६

## सजाय र पुरस्कार सम्बन्धी व्यवस्था

**१५. सजाय :**उचित र पर्याप्त कारण भएमा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई देहाय बमोजिमको सजाय गर्न सकिनेछ ।

क. नसिहत दिने ।

ख. तलब रोक्का गर्ने ।

ग. आवश्यक क्षतिपूर्ति गराई जरिवाना गर्ने ।

घ. निश्चित समयको लागि निलम्बन गर्ने ।

ङ. सेवाबाट हटाउने वा बर्खास्त गर्ने ।

**१६. नसिहत दिने :** शिक्षकले विद्यालयमा समयमा नआउने, जिम्मा दिएको काम समयमा नगर्ने र जाने समय पालन नगरेको खण्डमा निजलाई नसिहत दिन सकिनेछ ।

**१७. तलब रोक्का गर्ने :** देहायका अवस्थामा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकको तलब रोक्का गर्न सकिनेछ ।

क. अनुशासनहीन काम नगरेमा ।

ख. बारम्बार विद्यालयले दिएको निर्देशन पालना नगरेमा ।

ग. बारम्बार विना सूचना विद्यालयमा अनुपस्थित रहेमा ।

घ. विद्यालयको काम समयमा सम्पन्न नगरेमा ।

ङ. विद्यालय प्रशासनले दिएको मौखिक वा लिखित आदेश पालना नगरेमा ।

च. आफ्नो पदीय जिम्मेवारी वहन नगरेमा ।

छ. मादक पदार्थ सेवन गरी विद्यालय आउने गरेमा ।

ज. विद्यालयको गोपनियता भंग गरेमा ।

झ.यस कार्यविधिमा उल्लेखित आचारसंहिताको पालना नगरेमा ।

**१८. आवश्यक क्षतिपूर्ति गराई जरिवाना गर्ने** : गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै पनि शिक्षकले जानाजानी लापरवाही गरी प्रचलित कानुन उल्लङ्घन गरी विद्यालयलाई कुनै हानि-नोक्सानी गरे वा गराएमा त्यसरी हुन गएको क्षतिको रकम आंसिक वा पूरा निजकै तलबबाट कट्टा गरी असुल उपर गरिनेछ एवं तलबबाट नपुग भएमा निजको जायजेथाबाट असुल उपर गरिनेछ ।

**१९. निश्चित समयको लागि निलम्बन गर्ने :** गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै पनि शिक्षकलाई सजायको आदेश दिनु भन्दा अघि कुनै विषयमा जाँच गर्नु परेमा निजलाई सजाय गर्ने अधिकारीले निश्चित समयको लागि निलम्बन गर्न सक्नेछ ।

**२०. सेवाबाट हटाउने वा बर्खास्त गर्ने** :

१. देहायका अवस्थामा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई भविष्यमा शिक्षण संस्थामा नोकरीको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ ।

क. आफ्नो पदीय जिम्मेवारी वहन नगरेमा ।

ख. मादक पदार्थ सेवन गरी विद्यालय आउने गरेको कुरा प्रमाणित भएमा ।

ग. विदा स्वीकृत नगराई विद्यालयको प्रशासनिक कार्य रोकिने गरी १५ (पन्ध्र) दिन सम्म अनुपस्थितको कारणले गयल भएमा ।

घ. विद्यालयलाई हानी नोक्सानी हुने गरी कार्य बारम्बार गरेमा ।

ङ. पदीय रुपमा विद्यालयको गोपनियता भंग गरेमा ।

च. अनुशासन तथा आचरण सम्बन्धित व्यवस्था बारम्बार उल्लघंन गरेमा ।

छ. नैतिक पतन देखिने गरी कुनै किसिमको कार्य गरेको व्यहोरा प्रमाणित भएमा ।

ज. मगज विग्रेमा ।

झ. विद्यालयलाई असर पर्ने गरी तथा एउटै समयमा अन्य संस्थामा काम गरेमा ।

२. देहायका अवस्थामा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई भविष्यमा शिक्षण संस्थामा नोकरीको लागि अयोग्य ठहरिने गरी सेवाबाट हटाउन सकिनेछ ।

क. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।

ख. भ्रष्टाचार गरेको कुरा प्रमाणित भएमा ।

ग. नोकरी पाउने उद्देश्यले जाली प्रमाण पत्र पेश गरेमा ।

**२१. सफाईको अवसर दिनुपर्ने** :

क. सजाय दिन पाउने अधिकारीले गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै शिक्षकलाई सजाय गर्ने आदेश दिनुभन्दा अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाकाट बञ्चित गरिने छैन । त्यस्तोमा सम्बन्धित शिक्षकले पनि म्यादभित्र आफ्नो सफाइ पेश गर्नुपर्नेछ ।

**२२ सजाय गर्ने अधिकारी** : गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई सजाय गर्ने अधिकारी देहाय बमोजिम हुनेछन् ।

क. शिक्षकलाई चेतवनी दिने, नसिहत दिने, गयल कट्टा गर्ने प्र. अ. ।

ख. तलब रोक्का गर्ने प्र. अ.को सिफारिसमा गाउँ शिक्षा अधिकारी ।

ग. सेवाबाट हटाउने वा बर्खास्त गर्ने वि.व्य.स.को सिफारिसमा गाउँ शिक्षा समिति ।

२३. **पुरस्कार :** उत्कृष्ट सिकाई उपलब्धि हासिल हुनेगरी शिक्षण सिकाई क्रियाकलाप गर्ने र विद्यालयको व्यवस्थापनमा सहयोग पुर्याई गुणस्तरीय शिक्षाको विकासमा सहयोग पुर्याउने शिक्षकहरुलाई गाउँ शिक्षा समितिले पुरस्कृत गर्ने छ ।

## परिच्छेद-७
## अनुदान निकासा

२४. **निकासा :**

गाउँपालिका तथा वडा कार्यालयबाट विद्यालयहरुलाई विनियोजित गरिएको रकम विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम तपसिल अनुसार खर्च गर्न सकिनेछ ।

क) मानव स्रोत व्यवस्थापन(शिक्षक,बा.वि.के,सहजकर्ता, विद्यालय सहयोगी र विद्यालय कर्मचारीको नियुक्ती)

ख) शैक्षिक सामाग्रीको व्यवस्थापन

ग) आइ.सि.टी.सामाग्रीको व्यवस्थापन(कम्प्युटर, ल्यापटप, फोटोकपी मेसिन आदि)

**परिच्छेद-८**

**विविध**

**२५. विविध :**

क. यस शिक्षक अनुदान कार्यविधि २०७९ मा समयानुसार थपघट गर्ने अधिकार गाउँ कार्यपालिकामा रहनेछ ।

ख. गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई आवश्यकतानुसार गाउँपालिकाले निरन्तरता दिन सक्नेछ ।

ग. यो कार्यविधि जारी भएपछि संघीय सरकार र प्रदेश सरकारबाट शिक्षण सिकाइ सहयोग अनुदान कोटा प्राप्त भई विद्यालय तहमा शिक्षक नियुक्त गर्नुपरेमा यसै कार्यविधि बमोजिम गर्न सकिने छ । र ती शिक्षकका हकमा पनि यस कार्यविधिमा उल्लेख भएका कुराहरु लागु हुने छन् ।

घ. यस कार्यविधिमा उल्लेख नभएको कुराहरुको हकमा गाउँ शिक्षा ऐन बमोजिम हुनेछ । सो मा पनि उल्लेख नभई आवश्यक परेको खण्डमा शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ र शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार हुनेछ ।

**ङ.** यस कार्यविधि बमोजिम कार्य सम्पन्न गर्दा कुनै द्विविधा वा बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

आज्ञाले

ऋषिराम ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत